नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

## प्रेस विज्ञप्ति

आज मिति २०७८ जेठ १४ गते सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूले राष्ट्रका नाममा सम्बोधन गर्नु भएको छ। सम्बोधनका क्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले कोभिड-१९ को अहिलेको लहर निकै सङ्क्रामक र बढी घातक रहेको भन्नुहुदै यसको रोकथाम तथा नियन्त्रणका लागि सरकारले राज्यका सबै संयन्त्र परिचालन गरेको र यसको उपचार तथा रोकथामको लागि सरकारले अक्सिजन, अक्सिजन सिलिण्डर, अक्सिजन कन्सन्ट्रेटर, आई.सि.यू., भेन्टिलेटर लगायतका थप स्वास्थ्य सामग्री र उपकरणहरूको व्यवस्थापन गरेको बताउनु भयो।

सम्बोधन मार्फत सम्माननीय प्रधानमन्त्रीज्यूले यस सङ्क्रामक महामारीको सामना गर्न एकिकृत, समन्वयात्मक र ‘समग्र राष्ट्र’ रणनीति अवलम्बन गरिएको छ। कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८ जारी गरी कार्यान्वयनमा ल्याइएको छ। महामारीको रोकथाम, नियन्त्रण र निदानमा खोप नै उत्तम विकल्प भएको हुदाँ पहिलो मात्रा खोप लगाएका नागरिकहरूका लागि दोस्रो मात्राको खोप व्यवस्था गरीने एवं सबैलाई खोप लगाइने र महामारीलाई नियन्त्रण गरी छाड्ने विश्वास दिलाउनु भयो।

अनेकौ प्रतिकूलताका बीचमा पनि विगत तीन वर्षमा नेपालले उल्लेख्य प्रगति हासिल गरेको छ भन्नु हुदै सम्माननीय प्रधानमन्त्रीज्यूले संघीयताको सुदृढीकरण, आर्थिक बृद्धि, रणनीतिक महत्वका पूर्वाधारको विकास, सामाजिक न्याय र सुरक्षा, राष्ट्रियताको सम्वर्धन एवं सुशासनका क्षेत्रमा हाम्रा योजनाबद्ध प्रयासहरूको प्रतिफल देखिन थालेको उल्लेख गर्नु भयो।

राजनीतिक स्थायित्वको लागि आम निर्वाचन र यसै वर्ष हुने स्थानीय तहको निर्वाचन महत्वपूर्ण हुने र जनतामा अहिले देखापरेको क्षणिक निराशाको अन्त्य गरिने प्रतिवद्धता व्यक्त गर्नु हुदै समृद्ध नेपालका लागि हाम्रो प्राथमिकता कृषिको आधुनिकीकरण तथा व्यावसायीकरण गर्ने, गुणस्तरीय, दिगो र नवीन पूर्वाधार विकास गर्ने, कनेक्टीभिटिमा डिजिटलाइजेसन प्लेटफर्म थप गर्ने, अनलाइन सेवाको थप विकास गर्ने, दक्ष जनशक्तिको विकास गर्ने, वातावरण संरक्षण गर्ने, सुशासन कायम गर्ने एवं नेपालको अन्तर्राष्ट्रिय सम्बन्धलाई राष्ट्रिय हित, पारस्परिक लाभ र सम्मान, अन्तर्राष्ट्रिय प्रतिवद्धता तथा दायित्व र न्यायमा आधारित हुने गरी सरकारले आफ्ना



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np

पत्र संख्याः-
च.नं.: -

कामकारवाहीलाई अगाडि बढाउने बताउनु भयो। आगामी आर्थिक वर्षमा सम्पन्न गरिने कार्यक्रमहरू उल्लिखित नीतिहरूका आधारमा बजेट वक्तव्यमार्फत सार्वनजिक गरिने समेत सम्मानतीय प्रधानमन्त्रीज्यूले उल्लेख गर्नुभयो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारबाट भएको उक्त सम्बोधन कार्यक्रममा नेपाल सरकारका माननीय उपप्रधानमन्त्रीज्यू, माननीय मन्त्रीज्यूहरू तथा राज्यमन्त्रीज्यूहरू, सम्माननीय प्रधानमन्त्रीज्यूका सल्लाहकारज्यूहरू, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष तथा सदस्यज्यूहरू, नेपाल सरकारका मुख्य सचिवज्यू, सचिवज्यूहरू लगायतका विशिष्ट महानुभावहरूको उपस्थिति रहेको थियो। उक्त सम्बोधनको पाठ यस कार्यालयको वेभसाइट (www.opmcm.gov.np) मा समेत हेर्न सकिने व्यहोरा जानकारीको लागि अनुरोध छ।

मिति २०७८ जेठ १४

किरणराज शर्मा
प्रवक्ता



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np